# द्वन्द्व पीडितहरुको दीगो जीविकामाथि पहुँच : अवधारणापत्र

अधिवक्ता वीरेन्द्रप्रसाद थपलिया

## १. पृष्ठभूमि :

मानव जीवन आर्थिक, सामाजिक आवश्यकताहरु पूर्ति गर्न र यसका माध्यमबाट उच्च स्तरको जीवन निर्वाह गर्ने अथक प्रयास हो । मानिसका आवश्यकताहरु अनन्त छन् । जन्मनुपूर्व हुने हेरचाह (Pre-Natalcare) देखि मरणोप्रान्त हुने संस्कार (Post-Mortem Services) सम्म सामाजिक संरचनाका आर्थिक सेवाहरु आवश्यक पर्दछ । आफ्नो जीवन निर्वाह र स्वस्थ्य सामाजिक जीवनका न्यूनतम् स्वीकार्य अवस्थाहरुको लामो श्रृखंलाद्वारा जीवनको स्वरुप निर्धारण हुन्छ । त्यसैले मानिसको आर्थिक सम्पन्नताको लागि हुने वहिरगमन, सामाजिक संस्थापनको अभावमा पीडादायक भई आफ्नो परिचय गुमाउनेसम्मका अवस्थाहरु सृर्जना हुन्छन् । अतः जीविका स्वस्थ्य जीवन र सम्मानित जीवनयापनका असरहरुको लामो श्रृखंला नै दीगो जीविका हो । जसमा मानिस बाँच्ने वातावरणीय सन्तुलन र स्रोत परिचालनको विशिष्ठ ढाँचा समाहित हुन्छ ।

द्वन्द्वले स्थापित जीवनचक्रको अतिक्रमण गर्नेमात्र नभई दीगो जीविकाको समेत हनन् गर्दछ । यसले समाजका हर तह र संस्कारका समूदायहरुलाई प्रभावित पार्छ । यसको पहिलो शिकार निमुखा गरिव र स्रोत साधनविहीन वर्ग हुन्छन् । उनीहरु सानो भन्दा सानो द्वन्द्वबाट उत्पन्न परिस्थितिलाई पनि स्वीकार गर्नसक्ने अवस्थामा हुँदैनन् । आकस्मिकता र जोखिमताले उनीहरुको जीविका खोसिन जान्छ । नेपालमा ११ वर्षे शसस्त्र द्वन्द्वको चपेटामा परेका गरिवीको रेखामुनी बाँच्न वाध्य वर्ग नै सबैभन्दा बढी छन् । त्यसैले द्वन्द्व पीडितहरुको दीगो जीविकाका विषयमा छलफल गर्दा समाजका तल्लो वर्गबाट माथिल्लो वर्गसम्मका व्यक्ति तथा समुदायहरुको परिवर्तित परिस्थिति अनुकूलको व्यवस्थापन चुनौतिपूर्ण हुनु स्वभाविकै हो । यहाँ, यसै विषयमा छलफलको क्रम अगाडि बढाउने प्रयास गरिएको छ ।

## २. समसामयिक द्वन्द्वग्रस्त नेपाली समाज

माओवादी विद्रोहका कारण नेपालको आर्थिक, राजनैतिक तथा सामाजिक अवस्था अन्त्यन्तै नाजुक स्थितिमा छ । विद्रोह सुरु भएयता मुलुकले अपुरणीय रुपमा मानवीय तथा भौतिक क्षतिलाई सामना गर्नु परेको छ । द्वन्द्वको मार सबैभन्दा बढी ग्रामीण क्षेत्रमा परेको छ । द्वन्द्वका कारण लाखौं नागरिकहरुको जीविकाको स्रोत हरण भएको छ । परिवारका सदस्यहरु गुमाउनदेखि लिएर सम्पत्ति एवं रोजगारीको आधार तहसनहस भए । द्वन्द्वबाट कति मानिस जीविकाविहीन भए भन्ने अनुमान गर्न गाऱ्हो छ । त्यसै गरी द्वन्द्वबाट अत्याधिक मात्रामा पीडित भएका समूह तथा व्यक्तिहरुको यकिन तथ्याङ्क पनि छैन । यद्यपि, सशस्त्र द्वन्द्वका क्रममा भएको मानवीय क्षति, आन्तरिक विस्थापितहरुको अनुमानित संख्या र द्वन्द्व मूल्य मापनको मोटामोटी अनुमानित तथ्याङ्कबाट पनि द्वन्द्व पीडितहरुको जीविकाको स्थिति के भएको छ भन्ने अनुमान गर्न सकिन्छ ।

### आन्तरिक विस्थापितहरुको अनुमानित संख्या

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | आन्तरिक रुपमा विस्थापित भएका | १,००,००० - २,००,००० |
| २. | भारततर्फ पलायन भएका | ५००,००० |
| ३. | १८ वर्षमुनिका बालबालिका | १,००,०००-१,२०,००० |
| जम्मा | | ७००००-८००००० |

*स्रोतः वाच लिस्ट बालबालिका र सशस्त्र द्वन्द्व सम्बन्धी, जनवरी २००५,*

### २००३ देखि २००५ सम्मको मानवीय क्षतिको विवरण

| क्र.सं | घटनाको प्रकार | माओवादी पक्ष | राज्यपक्ष | जम्मा |
|---|---|---|---|---|
| १. | हत्या | २४०३ | ३७३४ | ६०३७ |
| २. | घाइते | २५५९ | ८६४ | ३४२३ |
| ३. | बमविस्फोट | १०९ | ५ | ११४ |
| ४. | हिरासत/थुनामा मृत्यु | - | २४ | २४ |
| ५. | यातना/गिरफ्तारी | - | ८८०१ | ८८०१ |
| ६. | वेपत्ता | - | ८०१ | ८०१ |
| ७. | वलात्कार | ९ | १७ | २६ |
| ८. | अपहरण | ५४०९१ | - | - |

*स्रोतः अनौपचारिक सेवा केन्द्र (इन्सेक) मानवअधिकार वर्ष पुस्तक २००३,००४,००५*

माथिको तालिकामा प्रस्तुत गरिएको वेपत्ता सम्बन्धी तथ्याङ्क र माओवादी अध्यक्ष प्रचण्डको भनाइमा ठूलो फरकपन रहेको छ । केही समय पहिले नेपाली सेवा विविसीसँग अन्तरवार्ता दिने क्रममा प्रचण्डले राज्यले ५ हजार र माओवादी समूहले लगभग ३५० जनालाई वेपत्ता पारेको वताएका छन् ।

द्वन्द्वले राज्यको आर्थिक क्षमता, उत्पादन क्षमता, सामाजिक सुरक्षा र विकासका पूर्वाधारमा संकट निम्त्याएको छ । व्यापार, वाणिज्य, लगानी र शैक्षिक क्षेत्रमा नकारात्मक असर पारिरहेको छ । विस्थापनका कारण पूँजीमा पलायन र सार्वजनिक लगानीमा दिनप्रतिदिन ऱ्हास आउने क्रम बढ्दो छ । राज्यले विकास र सामाजिक सुरक्षाको खर्च कटौती गरी युद्ध सामग्रीमा लगानी बढाउँदै छ । तल दिइएको तालिकाबाट हाम्रो बढ्दो सुरक्षा खर्चले विकासको स्थितिलाई कस्तो प्रभाव पाऱ्यो भन्ने स्पष्ट पार्दछ-

**सशस्त्र संघर्ष  र सुरक्षा खर्च (रु.अर्वमा)**

| आर्थिक वर्ष | शाही सेना | जनपद + सशस्त्र प्रहरी | जम्मा |
|---|---|---|---|
| ०५४/०५५ | २.६८ | २.५३ | ५.१६ |
| ०५५/०५६ | ३.०३ | २.९२ | ५.९५ |
| ०५६/०५७ | ३.५१ | ३.३२ | ६.८३ |
| ०५७/०५८ | ३.९० | ५.२७ | ९.१७ |
| ०५८/०५९ | ५.८८ | ७.२८ | १३.१६ |
| ०५९/०६० | ७.५० | ७.५९ | १५.०९ |

*स्रोत : नेपाल पाक्षिक, १६-२९ माघ २०६०, वर्ष ४, अंक १२ ।*

पछिल्लो समयमा सुरक्षा खर्च २१ अर्व नाघिसकेको थियो । जनयुद्ध सुरु भएदेखि सन् २००२ सम्ममा हिंसात्मक द्वन्द्वको मूल्य कम्तिमा पनि दुई खर्व १९ अर्व ४६ करोड रुपैयाँ पुगेको थियो । यो राशी २००२/००३ को कूल गार्हस्थ उत्पादन ४ खर्व ४६ अर्व १४ करोड रुपैयाँको ४९.०४ प्रतिशत हुन जान्छ । सैन्यवाद र सैनिकीकरणबाट राज्यमा उत्पन्न हुने सम्भाव्य परिस्थिति र त्यसबाट चुकाउनु पर्ने मूल्य धान्न राष्ट्रलाई कठिन भएको थियो ।

**द्वन्द्व मूल्यमापनको मोटामोटी अनुमान**

| विवरण | मूल्य |
|---|---|
| **प्रत्यक्ष मूल्य** | |
| प्रत्यक्ष सरकारी सुरक्षा खर्च | ३९ अर्ब ६३ करोड |
| माओवादी सैन्य खर्च | एक अर्ब ९४ करोड-दुइअर्व १३ करोड |
| भौतिक संरचना, वैंकलगायतका क्षति | २५ अर्ब * |
| **अप्रत्यक्ष मूल्य** | |
| माओवादी हड्ताल/बन्दका कारण व्यापार घाटा | एक खर्ब |
| पर्यटक घट्दो आयाममा भएको क्षति | ११ अर्ब ५ करोड |
| मानव संशोधनको क्षतिले आयश्रोतमा परेको असर | १४ अर्ब ४ करोड |
| विस्थापनको कारण आयश्रोतमा पुगेको क्षति | ८ अर्ब ** |
| सार्वजनिक लगानी पलायनबाट भएको क्षति | १२ अर्ब ३० करोड*** |
| प्रत्यक्ष वैदेशिक लगानीमा परेको असर | ६ अर्ब ५ करोड |

* पुर्वाधार निर्माणको क्षतिबाट भएको घाटा २० अर्ब ।

** कृषि उत्पादन र घरेलु उद्योग बन्द हुन गई दुई वर्षको अवधिमा पुगेको क्षति ।

*** सन् २००२/०३ मा स्थानीय विकासका लागि छुट्याइएको रु. पाँच अर्ब ८८ करोड ९६ लाख स्थानीय निकायको म्याद सकिएपछि 'फ्रिज' हुन गइ रक्षातर्फ लगियो ।

*स्रोत : नेपाल पाक्षिक, १६-२९ माघ २०६०, वर्ष ४, अंक १२ ।*

त्यसै गरी माओवादी सैन्य खर्च २-३ अर्व रहेको अनुमान गरिएको छ । यो सबै सैन्य खर्च र युद्धले स्थानीय तहमा गुजाराको स्रोत ध्वस्त भएको यकिन गर्न सकिन्छ । जसले आम नेपाली नागरिकको गुजाराको स्रोतलाई प्रत्यक्ष प्रभाव पारेको छ । त्यसमा पनि द्वन्द्व पीडितहरुको गुजाराको स्रोत र जीविका अत्यन्त जोखिममा परेको छ । यस्तो स्थितिमा द्वन्द्व पीडितको व्यवस्थापन र जीविकाको पुर्नस्थापना अहिलेको हाम्रो प्रमुख मुद्दा हो ।

## २. ऐतिहासिक समझदारी, द्वन्द्व पीडितको जीविका र संक्रमणकाल

२२ कार्तिक ०६३ का दिन सातदल र नेकपा माओवादीका शीर्ष नेताहरुबीच ऐतिहासिक समझदारी सम्पन्न भयो । र ५ मंसिर २०६३ का दिन शान्ति सम्झौता भयो । अब हामी शान्ति र समावेशी लोकतन्त्रतर्फको नयाँ युगमा प्रवेश गर्दैछौं । अहिले हामी लोकतन्त्र र शान्ति पुनःस्थापना वा त्यसतर्फको संक्रमणको स्थितिमा पनि छौं । साथै हामीसँग द्वन्द्व पीडितहरुको व्यवस्थापनको गहन जिम्मेवारी पनि छ । द्वन्द्व पीडितहरुको व्यवस्थापनका सम्बन्धमा सो ऐतिहासिक सहमतिले संवोधन गरेको छ । त्यसै गरी शान्ति सम्झौताले पुनःस्थापन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग, राज्यको पुनःसंरचना सम्बन्धी उच्च स्तरीय सुझाव आयोगलगायतका संयन्त्रहरुको निर्माण गर्ने प्रतिवद्धता जाहेर गरेको छ । २२ गतेको सहमतिमा उल्लेख भएको पुनःर्स्थापनाको व्यवस्था गर्ने, पीडित परिवारलाई राहत उपलब्ध गराउने, विस्थापितहरुको पुनःर्स्थापना गर्न, नष्ट भएका निजी सम्पत्तिको हकमा राहत प्रदान गर्ने जस्ता अभिव्यक्तिहरुले प्रत्यक्षरुपमा जीविकासँग सरोकार राख्दछ । तर यी विषयवस्तुहरु मात्र पीडितहरुको जीविकाको लागि प्रयाप्त छैनन् । किनभने यो सहमतिले प्रयाप्त मात्रामा पीडितहरुलाई पीडितको दृष्टिकोणबाट संवोधन गर्न सकेको छैन । पीडितहरुको अधिकार र ती अधिकारहरुको संरक्षण र संवर्द्धनलाई एकीकृतरुपमा संवोधन गर्नुपर्ने हुन्छ ।

## ३. पीडित, जीविका र जीविकाको अधिकार

सामान्यतया जीविका भन्नाले घर चलाउनु हो । यो भौतिक-अभौतिक बहुआयामिक समग्रता हो । जसले परिवारको अस्तित्वलाई निर्धारण गर्दछ । जीविकाको सार्थकता भनेको व्यक्तिले आफ्नो सम्पत्ति, सीप र श्रमलाई उपयोग गरेर आफ्ना घरायसी आवश्यकताहरु पूरा गर्नु हो । जस अन्तर्गत सम्पत्तिको सञ्चय, अधिकारको दावी र अभिव्यक्ति स्रोतमाथि पहुँचसम्मका क्रियाकलापलाई समेट्दछ । त्यसैले द्वन्द्व पीडितहरुको जीविका सार्थक हुनका लागि उनीहरुमा रहेको तनाव र आघातलाई व्यवस्थापन गरिनुपर्छ । भएको क्षतिलाई पुरताल गरिनुपर्छ । पीडित परिवारका सदस्यलाई जीविकाका अवसरहरु उपलब्ध गराउनुपर्छ । पीडितहरुको हकमा जीविकाको अवसर भन्दा आय-आर्जन मात्र होइन । उनीहरुको पीडाको व्यवस्थापन पनि हो । त्यसैगरी न्यायमाथिको पहुँच र सत्य निरोपणका साथै पीडकहरुलाई न्याय प्रक्रियाभित्र ल्याउने कुरा पनि जीविकासँग जोडिएका हुन्छन् । त्यसैले पीडितहरुको जीविकालाई दीगो बनाउन नागरिकका रुपमा आफ्नो अधिकार छ भन्ने महसुस र व्यक्त गर्न सक्ने वातावरण हुनुपर्छ । जीविकाका लागि स्रोतमा पहुँच र नियन्त्रण प्रमुख आधार हो । त्यसैले राज्यले द्वन्द्व पीडितहरुको हकमा जीविका सम्बन्धी निम्न विशिष्ट अधिकारहरुलाई प्रत्याभूति दिलाउनुपर्छ ।

- क) खाना, आवास, लुगा, जीविका लगायत उत्कृष्ट जीवन पद्धतिमा पहुँच,
- ख) सामाजिक, आर्थिक र साँस्कृतिक विकासमा स्वनिर्णयको अधिकार,
- ग) प्राकृतिक सम्पदाको स्वामित्व र तीनको विकासमा पहुँच,
- घ) काममा रोजगारीका निम्ति पुरुष तथा महिलालाई छनौटका निम्ति सक्षम बनाउनु ।

## ४. द्वन्द्वका कारण जीविका जोखिममा परेका समूह

द्वन्द्वले अधिकांश ग्रामीण वस्तीको जीविकालाई जोखिममा पार्‍यो । त्यसमध्ये पनि तल्ला जाति, आदिवासी, जनजाति र दलितहरुको जीविकाको अवस्था अत्यन्तै दयनीय स्थितिमा पुगेको छ । माओवादी क्रियाकलापका कारण हुनेखाने कथित उच्च जातिका क्षेत्री, वाहुन र ठकुरीहरुको पनि जीविका जोखिममा परेका छन् । स्थानीय तहका धेरै राजनैतिक कार्यकर्ताहरुको उठिवास भएको छ । यो एउटा समग्र दृष्टान्त मात्र हो । वास्तविकताको गहिराइ यो भन्दा धेरै तलसम्म छ । किनभने द्वन्द्वको प्रत्यक्ष प्रभाव लगभग ४० प्रतिशत मानिसहरुलाई परेको अनुमान गरिएको छ । यसरी द्वन्द्वको

प्रत्यक्ष प्रभावमा जीविका जोखिममा परेका समूहहरु महिला, बालबालिका, ग्रामिण क्षेत्रका सर्वसाधारण, दलित तथा जनजाति, शिक्षक र विद्यार्थीहरुमा बढी पर्‍यो । र, अधिकांश यसै समूहका मानिसहरु विस्थापनमा परे । यो जोखिमताले प्रत्यक्षरुपमा जीविकालाई प्रभाव पार्‍यो । अधिकांश पीडितहरुको जीविकाको आधार हरण भयो ।

**४. द्वन्द्व पीडित गम्भीर संकटमा**

द्वन्द्वका कारण के-कति मानिस पीडित भए भन्ने विषयमा एकिन लेखाजोखा भएको छैन । अर्कोतर्फ उनीहरुको न्याय र जीविकाको स्थितिप्रति राज्यका साझेदारहरु संवेदनशील हुन सकिरहेका छैनन् । यथार्थमा यी व्यक्तिहरु गम्भीर मानवीय संकटको चक्रमा पिसिएका छन् । जसलाई निम्नरुपमा संक्षेपीकरण गरिएको छ -

| संकटको वर्गीकरण | संकटमा परेका पक्ष र आवश्यकता |
|---|---|
| आधारभूत मानवीय आवश्यकता तथा जीविकाको संकट | आवास, खाना, स्वास्थ्य सेवा, शिक्षा, रोजगारी, आपतकालीन उद्धार, व्यवस्था र राहत, खानेपानी, शौचालय |
| न्याय र अधिकारको प्रत्याभूतिमा संकट | उपचार र क्षतिपूर्तिको अभाव, दोषीलाई न्याय प्रक्रियाभित्र ल्याउन नसकिनु, अधिकारहरुको प्रत्याभूतिमा अभाव, पीडितको रक्षा गर्ने कानुनको अभाव र दण्डहीनताको संस्कृति मौलाउनु |
| सशस्त्र संघर्षको भड्काउ | तराई मुक्ति मोर्चा जस्ता गुटले सशस्त्र द्वन्द्व सुरु गर्नु |

यसरी पीडितहरु गम्भीररुपमा मानवीय सुरक्षाको संकटमा परेका छन् । यो द्वन्द्वले निम्त्याएको मानवीय असुरक्षा हो । यस्ता असुरक्षाका विविध आयाम छन् जस्तो- समुदाय तथा व्यक्तिको सुरक्षा विरुद्धका धम्की तथा धम्कीका कारण जोखिममा परेका व्यक्तिहरु, द्वन्द्वमा विविध किसिमले हुने मानवअधिकार उल्लंघन र  गरिवी तथा आर्थिक शोषण केही नमूना हुन् । यी मानवीय सुरक्षाका वाधाहरु नेपालमा विद्यमान छन् । अतः द्वन्द्वपीडितहरुको जीविका र न्यायको प्रत्याभूतिको सवालसँग यी वाधाहरु जोडिएका छन् । त्यसैले यी वाधाहरुलाई न्यून गर्दै द्वन्द्व पीडितहरुको जीविका र मानवीय संकटलाई सरकारले विशेष किसिमले सम्बोधन गर्नुपर्छ ।

**५. द्वन्द्व पीडितहरुको जिवीकामाथि पहुँच**

द्वन्द्व पीडितहरुको जीविकाको स्रोतमाथि पहुँचको स्थिति अत्यन्त नाजुक छ । द्वन्द्व पीडितहरुकै लागि भनेर प्रभावकारी नीति तथा कार्यक्रमहरुको तर्जुमा पनि हुन सकेको छैन । यी विषयवस्तुहरु द्वन्द्वको समयमा छाँयामा पर्नु स्वभाविक पनि थियो । यद्यपि, द्वन्द्वकै समयमा पनि द्वन्द्व पीडितहरुको जीविका र न्यायका विषयवस्तुहरुलाई राष्ट्रिय तहमा उठाईंदै आइएको थियो । दशौं योजनाको मध्यावधि मूल्याङ्कनले पनि द्वन्द्वबाट पुग्न गएको क्षति र विस्तापितहरुको तथ्याङ्क संकलन गर्ने ठहर गरेको थियो । त्यसैगरी समय-समयमा शान्ति आयोग, राष्ट्रिय मानवअधिकार आयोगलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था तथा विकास नियोगहरुले द्वन्द्व पीडितहरुको जीविका र न्यायको विषयवस्तुलाई उठाउँदै आएका छन् । यी निकायहरुले द्वन्द्वकै समयमा पनि शान्ति प्रवर्द्धन तालिम, कानुनी सहायता, वेपत्ता पारिएकाहरुको खोजी, यातना तथा गैरकानुनी हत्याको विरोध गर्दै आएका छन् । पीडित बालबच्चाहरुको पठनपाठन तथा छात्रवृत्ति, शीप विकास तालिम, मनोपरामर्श सेवा तथा स्वास्थ्य सेवाहरु सञ्चालन गर्दै आएका छन् । तर यी कार्यहरु दीगो जीविकाका लागि प्रयाप्त छैनन् । नत सरकरले पनि पीडितहरुका लागि विशेष कार्यक्रमहरुको तर्जुमानै गर्न सकेको छ । किनभने द्वन्द्वबाट गुज्रिएको मुलुकका हकमा पीडितहरुको व्यवस्थापन, दीगो जीविका र न्याय प्राथमिकताका सूचीमा पर्दछ । द्वन्द्वका कारण दैनिक जीविकाको सवाल एकातिर संकटमा पर्दछ भने न्यायको अभावले मानवीय मर्यादालाई चुनौति दिइरहन्छ । अतः यस्तो स्थितिमा द्वन्द्व पीडितहरुको जीविकालाई प्रवर्द्धन गर्न के-कस्ता कार्यहरु गर्न सकिन्छ भन्ने कुराहरुलाई छलफलका लागि यहाँ प्रस्तुत गरिएको छ ।

### ५.१. सत्यको उजागर र प्रमाणीकरण

विगत ११ वर्षसम्म सञ्चालित सशस्त्र द्वन्द्वले के कति मानिसलाई प्रत्यक्ष प्रभाव पार्‍यो भन्ने कुराको लेखाजोखा गरिनुपर्छ । वेपत्ता पारिएकाहरुको खोजी गरिनुपर्छ । विस्थापितहरुको यथार्थ विवरण संकलन गरिनुपर्छ । द्वन्द्वले पुर्‍याएको मानवीय तथा भौतिक क्षति र मानवताविरुद्धका अपराधहरुको सत्य तथ्यको उजागर हुनुपर्छ । यसका लागि सत्य आयोगको गठन तत्काले गरी प्रमाणीकरणको कायक्रमलाई अगाडि बढाइनुपर्छ ।

### ५.२. पुनःर्स्थापनाको स्वरुप

पुनःर्स्थापनाको समस्या द्वन्द्व पीडितहरुलाई सोही स्थानमा घर फर्कने र द्वन्द्वपूर्वको सामाजिक संस्थापनामा संलग्न हुने वातावरण सृजना गर्ने जस्ता विषयबाट सुरु हुन्छ । यसको लागि सम्बद्ध द्वन्द्वरत पक्षहरु (माओवादी संलग्न सरकारी कार्यक्रम)बीचको सामुहिक प्रयासबाट घर फर्केकाहरुको विश्वसनियता र आत्मसम्मानको अवस्था प्रत्याभूत हुनुपर्दछ । यसका साथै द्वन्द्वका बेला अपहृत स्रोत साधनको निर्वाध परिचालनको अवस्था, सामाजिक सुरक्षा र ती स्रोत साधनबाट जीविकोपार्जनको आय आर्जन नभएसम्म जीवननिर्वाहको व्यवस्थापन पनि उत्तिकै जरुरी हुन्छ । अझ चर्को समस्या स्रोत साधनविहीन र द्वन्द्वका कारण परिवारविहीनतामा रहेको पीडितहरुको व्यवस्थापनसँग सम्बन्धित छ । त्यसैले यी चुनौतिका लागि विशिष्ठ कार्यक्रमहरुको माध्यमबाट लक्षित समूहसम्म पुग्न ठोस कार्ययोजना आवश्यक पर्दछ ।

### ५.३. विशेष कार्यक्रम तथा नीतिहरुको तर्जुमा :

द्वन्द्वका कारण पीडित तथा विस्थापित भएकाहरुको जिवीकाको सुनिश्चितताका लागि सरकारले विषेश कार्यक्रम तथा नीतिहरुको तर्जुमा गर्नुपर्छ । विस्थापितहरुका लागि घर फर्कने सहज वातावरण तयार हुनुपर्छ । यसका लागि माओवादीहरुले पनि लचिलो नीति र उदार व्यवहार देखाउनुपर्छ । विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घर फर्किएर सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग पुर्‍याउने कार्यक्रमहरु अघि बढाइनुपर्छ । सरकारले द्वन्द्व पीडितहरुकै लागि आयआर्जन, रोजगारी, लघु वित्तीय ऋण प्रवाह, शीप विकासजस्ता कार्यक्रमहरुको तर्जुमा गरी छिटो भन्दा छिटो लागू गर्नुपर्छ । स्वास्थ्य तथा परामर्श सेवा सुरु गर्नुपर्छ । द्वन्द्वका कारण घाइते भएकाहरुको खोजी गरी उपचारको प्रवन्ध मिलाउनुपर्छ । डर, त्रासबाट मुक्त भइ पीडितहरुले आफ्ना अधिकारहरुको दावी र व्यक्त गर्नसक्ने वातावरणको सिर्जना गरिनुपर्छ । चेतना अभिवृद्धिका साथै प्रत्यक्ष घोषित कार्यक्रमहरु सञ्चालन गरिनुपर्छ ।

५.४. **कानुनी प्रत्याभूति :** पीडितहरुको अधिकारको संरक्षण र संवर्द्धनका लागि एउटा छुट्टै विशेष कानुनको तर्जुमा गरिनुपर्छ । जसले सशस्त्र द्वन्द्वका कारण जीविका गुमाउन वाध्य भएकाहरुलाई जीविका सम्बन्धी न्याय दिलाउन सकोस् । यस्तो कानुनले दण्डहीनता र विगतमा भएको मानअधिकार उल्लंघन अपराधका कारण पीडित बनेका परिवारहरुलाई संवोधन गर्नुपर्छ । जसले न्यायलाई सुनिश्चित गर्छ ।

### ५.५ आधुनिकीकरणको सुरुवात

कुनै पनि समस्याको समाधान गर्दा त्यसको सकारात्मक पक्षलाई उपयोग गर्दै अग्रगामी विकासको सुरुवात गर्नु औचित्यपूर्ण हुन्छ । द्वन्द्व पीडितहरुको पुनःर्स्थापनाका लागि नेपाली समाजको आधुनिकीकरण गर्ने प्रयासको श्रृखंलावद्ध सुरुवातका रुपमा उपयोग गर्न सकिन्छ । पुनःस्थापित व्यक्ति, परिवार वा समूह पुरानै कृषि पेशा ( वेरोजगारी र अर्धवेरोजगारी पेशा) मा फर्कनु भन्दा आधुनिक सीपयुक्त आयआर्जनका स्रोतहरु पहिचान गर्ने र पुरानो उत्पादन प्रक्रियालाई परिवर्तन गर्दै मूल्य अभिवृद्धि गर्ने संरचनाको वहाकका रुपमा समाजमा स्थापित हुनु आफैंमा स्वागतयोग्य कदम हुनेछ । यसतर्फ पनि हाम्रो ध्यान जानु आवश्यक देखिन्छ ।

### १०. निष्कर्ष

हामी अहिले मुलुकले शान्तिपूर्ण राजनीतिक निकास पाउने संघारमा छौं । निश्चितरुपमा सशस्त्र द्वन्द्वले दिगो निकास पाई मुलुकमा शान्ति स्थापना हुनेछ । शान्तिसँगसँगै द्वन्द्वको पीडामा उपचार खोज्ने कार्य पनि हाम्रो सामु

छ । शान्तिसँगै आन्तरिक विस्थापित र द्वन्द्व पीडितहरुको व्यथालाई हामीले भुल्न सक्दैनौ । त्यसैले द्वन्द्व पीडितहरुको जीविकाको सवाललाई सशक्तरुपमा सम्वोधन गर्ने काम गर्नुपर्छ । यिनै सन्दर्भमा पीडितहरुको जीविकाका लागि राज्यले तत्काल प्राथमिकताका साथ विशेष कदमहरु चाल्नुपर्छ । र त्यसका लागि के कस्ता कार्य र नीतिहरुको तर्जुमा गर्न सकिन्छ भन्ने कुराको वहस चलाउनु अहिलेको प्रमुख सवाल हो ।
अन्त्यमा, विज्ञहरुसँग छलफलका निम्न एजेण्डाहरु प्रस्तुत गरिएको छ :-

१. द्वन्द्व पीडितहरुको जीविकालाई प्रवर्द्धन गर्न के कस्ता नीतिहरुको तर्जुमा गरिनुपर्छ ?
२. द्वन्द्व पीडितहरुको जीविकालाई टेवा पुऱ्याउने खालका उपाय र क्रियाकलापहरु स्थानीय तहमा के हुन सक्छन् ?
३. द्वन्द्व पीडितहरुको जीविकालाई टेवा पुऱ्याउन गैरसरकारी क्षेत्रबाट के योगदान दिन सकिन्छ ?

–समाप्त–

**सन्दर्भ सामग्री**


१. इन्सेक, मानवअधिकार वर्षपुस्तक, २००३, ००४, ००५ ।
२. एम्नेस्टी इन्टरनेसनल, द्वन्द्वको समयमा महिलाविरुद्ध हिंसा, २००४ ।
३. नेपाल पाक्षिक, १६-२९ माघ २०६०, वर्ष ४, अंक १२ ।
४. राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार स्थिति, २०६० ।
५. प्रदीपशंकर वाग्ले, नेपालमा आन्तरिक विस्थापन, संरक्षणका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय व्यवस्था : समस्या र समाधान ।
६. वाचलिष्ट, युद्धको चपेटामा : नेपालको सशस्त्र द्वन्द्वमा बालबालिकाविरुद्ध बढ्दो हिंसा जनवरी २००५ ।
७. फोरिड, नेपालमा अन्तर्राष्ट्रिय मानवीय कानुनको साझा धारा-३, कार्यान्वयनः आन्तरिक सशस्त्र संघर्ष, २०६१ ।
८. डा. केशव खड्का, सहरिकरण, गरिवी र द्वन्द्व : सोच आधारपत्र, वैसाख २०६२, फोरिड
९. FOHRID, Report on Intensive Networking in the form of CPN & NPWG, 2005.
१०. FOHRID, Report on Policy review with critique on sustainable livelihood and social and political participation of the vulnerabli groups in Nepal, 2005.
११. FOHRID, Human Rights Monitor, No. 1-13, FOHRID